# हेटौडा उपमहानगरपालिका कार्यालय,मकवानपुर

## आ.ब. २०७२।२०७३ को आर्थिक, भौतिक र वित्तिय आय। व्ययको समिक्षा निचोड

निर्णय-

१ आजको बार्षिक समिक्षा बैठकमा कार्यालय तर्फबाट आ.ब.२०७२।२०७३ को बर्ष भरिमा आय/व्यय,सेवा प्रवाह,क्षेत्रगत विकास अर्न्तगत भौतिक विकास, वातावरण, वित्तिय र संस्थागत ,प्रवद्धन क्षेत्र र लक्षित क्षेत्रमा भएको वित्तिय तथा भौतिक प्रगतिको प्रस्तुतिकरण भयो ।

२. प्रस्तुतीकरण पश्चात् न.पा.को बार्षिक भौतिक तथा वित्तिय प्रगतिको अवस्था कमी कमजोरी समस्या र चुनौती उल्लेखनीय उपलब्धी सम्बन्धमा सहभागीहरुमध्येबाट टोल संस्था,वडा नागरिक मंच, गैरसरकारी संघ संस्थानका प्रतिनिधिहरुबाट न.पा.को आय /व्यय विवरण र प्रगतिको स्तर सन्तोष जनक रहेको, न.पा.ले नेपाल सरकारको मूल्यांकनमा दोस्रो स्थान प्राप्त गरेकोमा बाधाई ज्ञापन गर्दै सुरक्षीत शहरको लागि ploting स्विकृत दिदा न.पा.ले स्थलगत निरिक्षण गरी कृषी भूमि वा अन्य जमिन वर्गिकरण गरी मात्र अनुमति दिने व्यवस्था हुन पर्ने, हेटौडा वजारको सुरक्षाको लागि निर्माण भएको नयां वाईपासको संरक्षण हुनु पर्ने, सबै वडामा शहरी स्वास्थ्य क्लिनीकको सुविधा उपलव्ध गराउनु पर्ने, खानेपानीको स्वच्छतामा बिशेष जोड दिनुपर्ने, स्थानीय तहमा रहेको विभिन्न शैक्षिक संघसस्थाहरु संग समन्वय गरी,नगरको समग्र योजंना तर्जुमा कार्यान्वयन र गुणस्तर सुधारका लगि विज्ञ समुह (think tank )गठन गरि सहयोग लिनु पर्ने, bottam up approch planning लाई प्रवर्द्धन गर्ने र महत्वकांक्षि योजना ल्याउनु पर्ने, कान्तिराजपथको स्तरबृद्धिलाई यथाशिघ्र सम्पन्न गर्न सम्बन्धीत निकायसंग समन्वय गर्नु पर्ने, विस्तारित क्षेत्रमा पुराना भवनहरुको नियमित गर्ने कामलाई पुन संचालन गर्नु पर्ने जस्ता सुझवहरु प्रस्तुत गरिएको थियो ।

३. सहभागीहरुबाट उठाईएका जिज्ञासाहरुको सम्बन्धमा उपमहानगरपालिकाको तर्फबाट शहरी विकास अनुसन्धान तथा बातावरण महशाखा प्रमुखबाट थप स्पष्ट गर्नेकाम सम्बोधन भयो ।

४. समिक्षाको क्रममा प्रमुख अतिथिको आशनबाट श्रीमान प्रमुख जिल्ला अधिकारी डा. मानबहादुर बि.के. बाट हेटौडा उपमहानगरपालिका नेपालकै नगरहरुमा दोस्रो हुन सफल भएकोमा बधाई ज्ञापन गर्दै आगामी बर्ष प्रथम स्थानको लागि शुभकामना व्यक्त गर्दै गत आ.ब. मा देशमा उत्पन्न असहज स्थिति (नाकाबन्दी) का बावजुद पनी न.पा.को प्रगति सन्तोषजनक रहेकोमा खुसी व्यक्त गर्नु भयो । यसका साथै वालवालिका तथा रणनिति क्षेत्रमा भएको न्यून खर्च, समपुरक कोषको उपयोगमा कम प्रगति प्रति ध्यान आकर्षण गराउदै पेश्की /फरफारकमा समेत न.पा.ले विशेष ध्यान दिनुपर्ने सुझाब दिनु भयो । साथै प्र.जि.अ. ज्यूबाट नगरपालिकाहरुले फोहर र सरसफाई व्यवस्थापन, पानीको स्वच्छता र उपलब्धता, ट्राफिक व्यवस्थापन र सरकारी जमिनको अनाधिकृत अतिक्रमण रोक्ने जस्ता चुनौतीहरु मुख्य रुपमा रहेको धारण व्यक्त गर्नु भयो ।